# स्वतन्त्रता – नियम र ख्रिस्टको न्याय आसन
Notes by Franklin

लूका ४:१८ *कैदीहरूलाई **सृवतनृत्रताको घोषणा गर्न** उहाँले पठाउनुभएको हो।*
यूहन्ना ८:३२ तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई **सृवतनृत्र** तुल्याउनेछ।"
यूहन्ना ८:३६ *यसकारण पुत्रले तिमीहरूलाई **सृवतनृत्र** गरायो भने तिमीहरू निश्‍चय **सृवतनृत्र हुनेछौ।***
गलाती ५:१ *सृवतनृत्रताको निमृति ख्रीषृटले हामीलाई **सृवतनृत्र** पार्नुभएको छ।*
गलाती ५:१३ *भाइ हो, तिमीहरू त **सृवतनृत्रताको** निमृति बोलाइएका हौ।*

<u>स्वतन्त्रता</u>लाई स्पस्ट रुपले हामीले बुझ्नु आवश्यकता छ, <u>स्वतन्त्रता</u>, हामीसंग बिस्वासीहरु जस्तै।

येशू ख्रिस्टमा विस्वासमा आउनुभन्दा पहिला हामीहरु ***" पापका दासहरु"*** थियौ।

- रोमी ६:१७ *" . . . . तपाई **पापको दास** हुनुहुन्थियो "*
- रोमी ७:१४ *" म शरिरको हु, **पापको दासत्वमा बेचिएको छु। "***
- एफिसी २:१-३ *" अनि तपाई **मृत** हुनुन्थियो तपाइको पापहरु र trespasses मा "*

किनकि पापले हामीलाई नाश गर्यो, परमेश्वर उहाँको प्रेम र अनुग्रहमा, व्यबस्था दिनु भो।

- गलाती ३:१९ *त्यसोभए किन व्यवस्था ? किनकि tresgressions को कारणले यसलाई जोडियो।*
- गलाती ३:२३ *विश्‍वास आउन (१) अघि हामी वृयवसृथाको वशमा थियौं, र विश्‍वास प्रकट नभएसमृम हामी थुनिएका थियौं।*

  (१) Phroureo (froo-reh'-o); बाहिरी रुपमा, **किनारमा, रक्षा गर्न; सेनाको पोस्टमा राखेको जस्तै**
  NKJ – सुरक्षाको मुनि राख्नु NLT – नियमद्वारा सुरक्षा गरिएको

  (२) Sugkleio (soong-kli'-o); एकैपटक बन्द गर्नु; बन्द गर्नु।
  NLTNLT – **रक्षात्मक तरिकाले जिम्मामा राख्नु**

  उदाहरण: उच्चमा guardrails, डरलाग्दो हिमाली बाटो। तपाइलाई सुरछित राख्न तिनीहरु त्यहाँ छन्। guardrail भन्दा पर जानु भनेको गम्भीर दुखाई र पिडा संग सामना गर्नु।

**साथसाथै:** गलाती ३:२४ *विश्‍वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर वृयवसृथालाई हामृरो संरक्षक भई हामीलाई ख्रीषृटसमृम **डोर्‍याउने** जिमृमा दिइयो।*

- ❖ हाम्रो **स्कुल शिक्षक**लाई नियम / **बच्चालाई सिकाउने व्यक्ति** अथवा **बच्चाको नेता** / अभिभावक जो बच्चालाई बिद्यालय पुर्यौउछ (शा. शब्दको अर्थ)।

बच्चालाई बिद्यालय गुरु शिक्षक, अभिभाबकको उनीहरुमाथि रेखदेख गर्न खाचो पर्छ, तिनीहरुलाई सिकाउन कि कुन सहि हो र कुन गलत हो भनेर। तिनीलाई "सडकमा नखेल्ल्न" भन्न। "तातो चुलो नछुन"। हाम्रो स्वर्गीय पिता हामीआफुलाई चोट लगेको चाहनु हुन्न।

त्यसकारण ब्यवस्थाले हामीलाई सिकाउछ:

१. पाप भनेको के हो:

रोमी ७:७ *यदि व्यवस्था नभए मैले पाप थाहा पाउनेथिइनँ, किनकि "तैंले लोभ नगर्" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउनेथिइनँ।*

२. धार्मिकता भने के हो:

रोमी ७:१२ ब्यवस्था पवित्र छ, धार्मिक र असल।

३. अनि शैतानको जालबाट मलाई **स्वतन्त्र** राख्नुहुन्छ।

२ तिमोथी २:२५-२६ *र नम्रतासाथ आफ्ना विरोधीहरूलाई सुधार्ने हुनुपर्दछ, र शायद परमेश्‍वरले तिनीहरूलाई पश्‍चात्ताप गर्ने, सत्यतालाई बुझ्‍ने मन दिनुहुनेछ, **26** र तिनीहरू चेतना पाएर दियाबलसको पासोबाट उम्कनेछन्, जसले तिनीहरूलाई त्यसको इच्छाअनुसार चल्‍नलाई कैदी बनाएको छ।*

एफिसी ४:२६-२७ पाप नगर;... र शैतानलाई मौका नदेऊ।

गलाती ४:४-७ *तर समयको पूर्णतामा परमेश्‍वरले आफ्नो पुत्रलाई पठाउनुभयो। उहाँ एउटी स्‍त्रीबाट जन्मनुभयो, **तथा व्यवस्थाको अधीनमा जन्मनुभयो**। व्यवस्थाको अधीनमा रहनेहरूलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी पुत्रको पूरा हक प्राप्‍त गर्न सकौं। तिमीहरू पुत्र भएका हुनाले परमेश्‍वरले आफ्नो पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले "हे अब्बा, पिता!" भनेर पुकार्नुहुन्छ। **यसैकारण, परमेश्‍वरद्वारा तिमी अब उप्रान्त दास होइनौ**, तर पुत्र हौ, र पुत्र हौ भनेता उत्तराधिकारी पनि हौ।*

- **हाम्रो** लागि येशू ब्यवस्था अनुसार जीउनु भयो ( उदाहरणको लागि) – ब्यवस्थालाई तोडेको (मृतु) कारण **हाम्रो** लागि मूल्य चुकाउनु भयो। **हाम्रो** लागि ब्यवस्था उहाँले पूरा गर्नुभयो(मत्ती ५:१७) र त्यसपछि "जो कोहि ब्यबस्थाको मुनि थियो" **हामीलाई** छुटकारा दिनुभयो (हत्केलामा सुरक्षित स्थानमा)

  मत्ती ५:१७ "व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्‍ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ।

- जब हामी विश्वास गर्छौ – हाम्रो पाप क्षमादान हुन्छ – उहाँको धर्मिक्तालाई हामी पुरस्कारको रुपमा ग्रहण गर्छौ (२कोरन्थी ५:२१) – अनि अब पवित्र आत्मा हामीमा आउनसक्नु हुन्छ – "दासको रुपमा लामो समयसम्म होइन तर पुत्रको रुपमा" – "*उत्तराधिकारी*" जसले **सबै** लिन्छ, **सित्तैमा अनि स्पस्ट!** हल्लेलुयाह !

## त्यसैकारण हामी स्वतन्त्र छौ!

I. पापको अनन्तकाल सजायबाट हामी स्वतन्त्र छौ – मृतु।

- रोमी ५:८ *तर परमेश्‍वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्‍ट हाम्रा निम्ति मर्नुभयो।*

- रोमी ६:२३ *किनकि पापको ज्याला **मृत्यु** हो, तर परमेश्वरको सित्तैँको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा **अनन्त जीवन** हो।*

- १ थेसलोनिकी ५:१० ***उहाँ हाम्रा निम्ति मर्नुभयो,** ताकि हामी जागा बसौं वा सुतेका होऔं, हामी सबै उहाँकै साथमा जिउन सकौं।*

- रोमी ८:१-२ *यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई **दण्डको आज्ञा छैन। पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ।***

  ***Vs. 3** पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैँ पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो,*

  *२ कोरन्थी ५:२१ किनकि हामी उहाँमा **परमेश्वरको धार्मिकता** बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर **पाप बनाउनुभयो।***

  ब्यवस्था हाम्रो समस्या थिएन। पाप हाम्रो समस्या थियो, र हाम्रो शरिरको कमजोरी (रोमी ७: १४-२१)। ब्यवस्थाले हामीलाई हाम्रो पाप हेर्न सहायता गर्छ अनि मुक्तिदाता हामीलाई आवश्यक पर्छ भन्ने बुझाउँछ।

तिनीहरु जो येशू ख्रिस्टमा विश्वास गर्छन – मुक्तिको लागि उहाँमा विश्वास गर्छन – अविस्वासको पापको परिणाम सरह तिनीहरु मृतुबाट मुक्त भएका छन्।

- २ कोरन्थी ५:१९, यूहन्ना ११-१२; ३:१५-१८ र धेरै अरु पदहरु

II. हामीहरु स्वतन्त्र छौ ब्यवस्था राखिरहनको लागि

**अनन्त जीवन,** यहाँ सम्मकी यो कहिल्य ब्यवस्थाको उदेस्य थिएन तर मानिसको गलत बुझाई थियो ।

- रोमी ६:२३ . . . *किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको **सित्तैँको वरदान** ख्रीष्ट येशू हाम्रा प्रभुमा **अनन्त जीवन** हो।*

- रोमी ३:२० *यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ।*

  - यो ब्यबस्थाको उदेस्य हो: “पापको ज्ञान”।

- गलाती २:१६ *र पनि हामी जान्दछौं, **व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिँदैन,** तर **येशू ख्रीष्टमाथिको विश्वासद्वारा** धर्मी ठहरिन्छ। यसकारण हामीले पनि हाम्रो **विश्वास** ख्रीष्ट येशूमा राख्यौं, ताकि हामी व्यवस्थाका कामद्वारा होइन तर ख्रीष्टमा राखिएको **विश्वासद्वारा धर्मी ठहरिन सकौं,** किनकि व्यवस्थाका कामद्वारा कोही पनि धर्मी ठहरिँदैन।*

- गलाती ५:१ ***स्वतन्त्रता**को निम्ति ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ। यसकारण दह्रा भएर खड़ा होओ, र फेरि **दासत्वको जुवा**मुनि नपर।*

गलातीहरु र हाम्रो लागि: "दासको जुवा" **सोचाईको** गरुङ्गो भार तिनीहरुसंग राख्नको लागि थियो अनि अनन्त जीवन प्राप्त गर्न साबित गर्न व्यवस्था पुरा गर्न ।

## III. हामीहरु पापको बन्धनबाट स्वतन्त्र छौ र लामो समयसम्म पापको दास बन्नु हुदैन।

रोमी ६:१७-२० *तर परमेश्‍वरलाई धन्यवाद होस्, कि* ***तिमीहरू, जो एक पल्ट पापका कमारा थियौ*** *अब जुन शिक्षाको नमूनामा तिमीहरू सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ। 18* ***तिमीहरू पापबाट मुक्त गराइएर धार्मिकताका कमारा बनेका छौ। (****19). . . . तिमीहरूमा रहेको मानवीय कमजोरीको कारणले म तिमीहरूले बुझ्न सकिने भाषामा बोलिरहेको छु। किनकि जसरी तिमीहरूले एक पल्ट आफ्ना अङ्गहरूलाई अशुद्धता र झन्-झन् बढ़ी अपराधका निम्ति समर्पण गर्‍यौ, अब त्यसरी नै पवित्रकरणको निम्ति आफ्ना अङ्गहरूलाई धार्मिकताको निम्ति समर्पण गर। (20) तिमीहरू पापका कमारा भएको बेलामा चाहिँ धार्मिकताको लेखि स्वतन्त्र थियौ।*

पद. २२ *तर* ***अब तिमीहरू पापबाट मुक्त भई परमेश्‍वरका कमारा भएका छौ,*** *अनि तिमीहरूले पाउने प्रतिफलचाहिँ पवित्रकरण हो, र त्यसको अन्त्यचाहिँ, अनन्त जीवन।*

*परमेश्‍वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ।*
१ कोरन्थी १५: ५ ७

IV. हामी आफैबाट स्वतन्त्र छौ।

- रोमी ६:५-६ *हामी जान्दछौ, कि हाम्रो पुरानो जीवन ख्रिस्टसंगै क्रूसमा टागियो।*
- एफिसी ४:२२ *तपाइको पुरानो स्वभावको जीवनमा, तपाईले पुरानो कुरालाई कुनामा राख्नु भयो (पद.२४) र नयाँ मानिस बनिनु पर्छ, जुन धार्मिकता र सत्यको पवित्रतामा उहाको आफ्नै अनुरुपमा श्रृजनु भएको छ।*
- कलसी ३:१-१०

V. हाम्रो हृदयलाई पछ्याउन हामीहरु स्वतन्त्र छौ।

- हाम्रो पुरानो हृदय होइन तर "नयाँ हृदय" ( इजकिएल ३६:२६)।
- १ कोरन्थी १७:२ *नातानले दाऊदलाई जवाफ दिए, "तपाईंको मनमा जे छ त्यो गर्नुहोस्, किनकि परमेश्‍वर तपाईंसँग हुनुहुन्छ।"*
- फिलीप्पी २:१३ *किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्‍वर तिमीहरूमा काम गर्नुहुन्छ।*
- अरुको नियन्त्रण हुनुबाट मुक्त हुनु।
- "मनिसलाई खुशी" बनाउनुबाट स्वतन्त्र हुनु।
- २ कोरन्थी १०:१२ *आफ्नो तारीफ आफैले गर्ने कुनै-कुनै व्यक्तिहरूसँग हामी आफैलाई एकै श्रेणीमा राख्न, अथवा आफैलाई तिनीहरूसँग दाँज्न हामी साहस गर्दैनौं। तर तिनीहरू आफूले आफैलाई एक-अर्कासँग नापेर हेर्दा अथवा दाँज्दा तिनीहरू बेसमझका हुन्छन्।*

VI. हामीहरु येशू ख्रिस्टको आज्ञा मान्न स्वतन्त्र छौ ।

रोमी ६:१२-१४ *यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न* ***नदेओ****। (१३) आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण* ***नगर।*** *तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्‍वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्‍वरकहाँ समर्पण गर। (१४) किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू*

*व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ। (१६)के तिमीहरू जान्दैनौ, आज्ञाकारी कमाराको रूपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारा पनि हुन्छौ? **कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताक***

यूहन्ना १४:१५ तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ।

यूहन्ना १४:२१ मलाई प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञा छन् र ती पालन गर्दछ। अनि मलाई प्रेम गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ। म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु।"

यूहन्ना १४:२३-२४ येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, **त्यसले मेरो वचन पालन गर्नेछ,** र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं। 24 मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन। जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो।

यूहन्ना १५:१०-११ **यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने** तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु। मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस्।

१ यूहन्ना ५:२ *जब हामी परमेश्‍वरलाई प्रेम गर्छौं र उहाँका आज्ञाहरू पालन गर्छौं, तब यसैबाट थाहा पाउँछौं, कि हामीले परमेश्‍वरका सन्तानलाई प्रेम गर्छौं।*

प्रेम भनेको उत्प्रेरणा हो – काम गर्दैन अथवा मुक्ति कमाउन कोशिस। "परमेश्वर प्रेम हुनुहुन्छ" र परमेश्वोर "हामीमा" मानिसमा पवित्र आत्माको ब्यक्तित्वमा हामीलाई उत्प्रेरणा दिनुहुन्छ (प्रेम) र येशूको आज्ञा मान्ने क्षमता।

१ यूहन्ना २:३-५ *यदि हामीले उहाँका आज्ञाहरू पालन गर्‍यौं भने यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं। 4 जसले "म उहाँलाई चिन्छु" भन्छ, तर उहाँका आज्ञाहरू उल्लङ्घन गर्छ, त्यो झूटो हो, र त्यसमा सत्य छैन। 5 तर जसले उहाँको वचन पालन गर्छ, त्यसमा **परमेश्‍वरप्रतिको प्रेम** साँच्ची नै सिद्ध भएको हुन्छ। हामी उहाँमा छौं भन्ने कुरामा यसैबाट निश्‍चित हुन्छौं।*

त्यसकारण, हामीहरु देख्न सक्छौ कि **हामीहरु स्वतन्त्र छैनौ:**

I. "ब्यबस्थाको माग" । अझै यो खडा परमेस्वरको राज्यमा हुन्छ ..............

रोमी ८:१-८ *यसकारण अब ख्रीष्‍ट येशूमा भएकाहरूलाई **दण्डको आज्ञा छैन।** पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले **ख्रीष्‍ट येशूमा मुक्त** पारेको छ। पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्‍वरले गर्नुभयो, अर्थात् उहाँले आफ्‍ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैँ पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो,*

किन?

***यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्,*** *हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र **आत्माअनुसार** चल्दछौं। किनभने पापमय स्वभावअनुसार चल्नेहरूले शरीरका कुरामा मन लगाउँछन्, तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन्। किनभने, पापमय स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन*

*लगाउनु जीवन र शान्ति हो। (पद.७) किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्‍वरप्रति शत्रुता हो।* ***परमेश्‍वरका व्‍यवस्‍थाको अधीनमा त्‍यो हुँदैन, न त त्‍यो कहिल्‍यै हुन सक्‍छ।*** *(८) पापमय स्‍वभावको वशमा हुनेहरूले परमेश्‍वरलाई प्रसन्‍न पार्न सक्‍दैनन्। (९) यदि साँच्‍चै परमेश्‍वरका आत्‍मा तिमीहरूमा वास गर्नुहुन्‍छ भने, तिमीहरू पापमय स्‍वभावमा होइन, तर* ***पवित्र आत्‍मामा हुन्‍छौ।*** *तर कुनै मानिसमा ख्रीष्‍टका आत्‍मा हुनुहुन्‍न भनेता त्‍यो उहाँको हुँदैहोइन।*

जसरी नयाँ नियमका बिस्वासीहरु, हामीमा पवित्र आत्मासहित (पद.९) हामीसंग सक्ति छ, क्षमता:

- *ख्रिस्टको आज्ञाकारिताबाट बशमा गरियको सबै बिचारहरु लिन।* २कोरन्थी १०:५
- हामीआफैलाई परमेश्वरको ब्यवस्थामा समर्पण गरौ। (माथि पद. ७)
- व्यवस्थालाई राख्नु अनि पापबिहिन स्वतन्त्र रुपले हिड्नु, अन्धकारको राज्यबाट स्वतन्त्र हुनु र “सैतान एक” आक्रमण, र परमेश्वरलाई खुशी पार्नु।

*“ त्यसकारणले* ***हामीमा ब्यबस्थाको प्रकृया पूरा हुनसक्छ,*** *जो शाररीक इच्छा अनुसार हिड्दैनन् तर* ***आत्माको अनुसार हिड्छन् ।"*** रोमी ८:४

परमेश्‍वरबाट उत्‍पन्‍न भएको कसैले पनि पाप गरिरहँदैन, तर परमेश्‍वरका पुत्रले त्‍यसलाई सुरक्षित राख्‍नुहुन्‍छ, र . . . . . . दुष्‍टले त्‍यसलाई छुँदैन। ( १ यूहन्ना ५:१८)

II. हामीहरु पापको अस्थाई परिणामबाट **स्वतन्त्र छैनौ।**

- यूहन्ना ५:१४ त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, “हेर, तिमी निको भएका छौ। फेरि पाप नगर, र तिमीमाथि अझ बढ़ी खराबी आई नपरोस्।”
- एफिसी ४:२७ *दियाबलसलाई मौका नदेओ।*

  जब हामी तिरस्कार गर्छौ अथवा परमेश्वरको राज्यको ब्यवस्थाको अनाज्ञ्याकारी हुन्छौ, त्यसपछि हामी पापमा र अन्धकारको राज्यमा हिड्दछौ। सैतानलाई आक्रमण गर्न कानूनी अधिकार दिनु झैँ हो।

- १ पत्रुस ५:८ *सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझैँ खोजिहिँड्छ।*
- भजनसंग्रह ८९:२७-३४ *म त्‍यसलाई मेरो जेठो पनि तुल्‍याउनेछु, पृथ्‍वीका राजाहरूमा सबैभन्‍दा उच्‍च। म मेरो करुणा त्‍यसको निम्‍ति* ***सदासर्वदा*** *राख्‍नेछु, र* ***त्‍यससँगको मेरो करार कहिल्‍यै विफल हुनेछैन।*** *त्‍यसको वंशलाई म* ***सदा****को लागि स्‍थापना गर्नेछु, र त्‍यसको सिंहासन आकाशको अस्‍तित्‍व रहेसम्‍म राख्‍नेछु। “यदि त्‍यसका सन्‍तानले मेरो व्‍यवस्‍था त्‍यागे भने, र मेरा कानूनहरूमा चलेनन् भने, यदि तिनीहरूले मेरा विधिहरू भङ्‍ग गरे भने, र मेरा आज्ञाहरू मानेनन् भने,* ***म तिनीहरूका पापको सजाय छड़ीले, र तिनीहरूका अधर्मको सजाय कोर्राले दिनेछु। तर म मेरो प्रेम दाऊदबाट हटाउनेछैनँ, न त मेरो विश्‍वस्‍तताको कहिल्‍यै धोकाबाजी गर्नेछु। म मेरो करार भङ्‍ग गर्नेछैनँ, अथवा मेरो मुखबाट निस्‍केको वचन बद्‌लनेछैनँ।*** NASU

**III.** हामीहरु हाम्रो आफ्नै कुरा गर्नलाई **स्वतन्त्र छैनौ** – जे पनि हामी गर्न चाहन्छौ ।

१ पत्रुस २:१६-१७ ***स्वतन्त्र मानिसहरूझैँ जीवन बिताओ।*** *स्वतन्त्रतालाई कुकर्म गर्ने बहाना* ***नबनाओ,*** *तर परमेश्‍वरका दासहरूझैँ भएर चल। सबै मानिसहरूलाई आदर गर। भाइबन्धुलाई प्रेम गर। परमेश्‍वरसँग डराओ। राजाको आदर गर।*

गलाती ५:१३-१४ *भाइ हो, तिमीहरू त स्वतन्त्रताको निम्ति बोलाइएका हौ। केवल* ***त्यस स्वतन्त्रतालाई पापमय स्वभावको निम्ति प्रयोग नगर। तर प्रेममा*** *तिमीहरू एक-अर्काको सेवक बन। किनभने* ***समस्त व्यवस्था एउटै वचनमा पूरा भएको छ,*** *"तैंले आफ्नो छिमेकीलाई आफूलाई झैँ* ***प्रेम*** *गर्।"*

यो गम्भीर बुदा र व्यवस्थाको उदेस्य नयाँ नियमका बिस्वासीहरुको लागि हो ।

- प्रेममा हामी कसरी जीवन जिउने हो, लागि अनि मनिससंग जसको लागि येशू मर्नु भयो।

त्यो भनेको: मानिससंग सहि संम्बन्ध

इसाई धर्म भन्नुनै सम्वन्ध हो!
यो ब्यवस्थाको उदेश्य हो।

- १ पत्रुस २:१३ आफुलाई अधिकारिको हातमा **सुम्प।**
- रोमी १२:१० एक अर्कामा **समर्पित** होऊ, एकअर्कालाई **प्राथमिकता** देओ।
- एफिसी ४:३२ एकअर्कामा **दयालु** होउ.. एकअर्कालाई **क्षमा** देउ।
- एफिसी ५:२१ एक अर्काको **अधिन**मा बस।

यूहन्ना १३:३४-३५ "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरू **एक-अर्कालाई प्रेम गर।** तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि **एक-अर्कालाई त्यस्तै प्रेम गर।** यदि तिमीहरूले **एक-अर्कालाई प्रेम गर्‍यौ** भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ।"

जब हाम्रो संबन्ध **एक अर्कासंग** टुक्रीन्छ – त्यो भनेको पाप हो – पवित्र आत्मा सोकित हुनुभयो (एफिसी ४:३०), र हामीले स्वीकार्नै पर्छ र पुर्नमिलाप गर्ने पर्छ, सम्बन्धलाई पुर्न स्थापना गरौं, त्यो व्यक्तिसंग ।

मत्ती १९:१८-१९ येशूले भन्नुभयो, "तैंले हत्या **नगर्नू,** तैंले व्यभिचार **नगर्नू,** तैंले चोरी **नगर्नू,** तैंले झूटो गवाही नदिनू। 19 आफ्ना आमा-बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैँ प्रेम गर्नू।"

- माथिको भनेको **परमेश्वरको राज्यको व्यवस्था हो।** जब हामी यी व्यवस्थालाई पच्छाउदैना, आराजकता/घाइते / चोट/ बिनास र पतन हुनु अनि व्यक्ति, परिवार, अथवा राष्ट्र बिभाजन तर्फ सर्नु।
    - यो नै हो बास्तबमा आज यू एसमा के भइ राखेको छ भनेर।

भर्खर मात्र, हाम्रो शहरको व्यवस्था, राज्य र राष्ट्र हाम्रो लागि शान्तिमा मिलेर सबैजना बस्न सक्षम भनेर त्यहाँ छन्।

उदहारणको लागि : मध्यस्तकर्ताको व्यवस्था -  यदि आज्ञापालन गर्नु भयो भने- कुनै दुर्घटना अथवा नोक्सान अरुलाई हुन्छ। हामी सबै संगसंगै सजिलै बग्छौ।

रोमी १३:८-१० *आपसमा प्रेम गर्नुबाहेक कसैको केही कुरामा ऋणी नहोओ। किनकि **आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ।** "तैंले व्यभिचार नगर्, तैंले हत्या नगर्, तैंले चोरी नगर्, तैंले लोभ नगर्," यी आज्ञाहरूबाहेक, र अरू जति आज्ञा छन्, ती सबैको सारांश यसै आज्ञामा पाइन्छ, अर्थात् "तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्।" **प्रेमले छिमेकीको खराबी गर्दैन। यसकारण प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो।***

मत्ती ५:१८-१९ *किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन। यसैकारण **जसले यी** आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई **उल्लङ्घन गर्ला,** र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू <u>**पालन गर्ला**</u> र <u>**सिकाउला,**</u> स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ।*

फेरी, यो पदले यसलाई स्पष्ट पार्छ कि हामी हाम्रो मुक्ति व्यवस्थालाई टुक्राएर गुमौदैनौ तर हामी:

- परमेस्वरलाई अप्रसन्न बनौछौ
- स्वर्गमा इनाम गुमाउँछौ
- लाजमर्दो ल्याउछौ र हामीआफैलाई घाइते बनाउछौ अनि अरुलाई पृथ्वीमा।

**IV.** हामी स्वतन्त्र छैनौ हाम्रो जीवन जिउन जसको  कारणले अरुलाई उहाँको नाम बिरुद्द बोल्न लागाउँछ।

- रोमी २:२२-२४ *तिमी, जो व्यवस्थामा घमण्ड गर्दछौ, के व्यवस्था उल्लङ्घन गरेर **परमेश्‍वरको अनादर गर्छौ ?** किनभने, लेखिएको छ, "अन्यजातिहरूका बीचमा परमेश्‍वरको नाउँ तिमीहरूद्वारा नै निन्दित भएको छ।"*
  उदाहरण: टि. भिको प्रचारक, जोकोहि

१ कोरन्थी ८:९ *तर होशियार गर, तिमीहरूको यो **स्वतन्त्रता** दुर्बलहरूका निम्ति **ठोकरको कारण नबनोस्।***

१ कोरन्थी ८:१२-१३ *अब यसरी आफ्ना भाइहरूका विरुद्धमा पाप गर्दा र तिनीहरूका दुर्बल विवेकलाई चोट लाउँदा तिमीहरू ख्रीष्टको विरुद्धमा पाप गर्दछौ। 13 यसकारण यदि खानेकुरा मेरो भाइकै **पतनको** कारण बन्छ भने म <u>कहिले पनि</u> मासु खानेछैनँ, नत्रता मैले मेरो भाइको पतन गराउनेछु।*

- ❖ मेरो स्वतन्त्रता लम्बिन्छ मात्र जबसम्म अरुहरुको स्वतन्त्रता सुरुहुन्छ।
- ❖ पहिला यसको कारणले अरुलाई रुकावट गर्नु भन्दा मेरो स्वतन्त्रता अन्त हुन्छ।

व्यवस्था अहेलेसम्म हामीसंगै छ **हामीलाई सुरक्षाको क्षेत्रमा बन्द गर्न,**
-परमेश्वरको राज्य – हामीलाई सुरक्षत राख्न, <u>शत्रुबाट</u> स्वतन्त्र हुन,
<u>हामीआफैलाई</u> चोट पुर्‍याउनबाट स्वतन्त्र र <u>अरुलाई</u> चोट पार्नबाट स्वतन्त्र छौ।

रोमी ७:१२ *व्यवस्था **पवित्र** छ, र आज्ञा **पवित्र, न्यायसङ्गत** र **असल** छ।*

१ तिमोथी १:८ *हामी जान्दछौं कि यदि कसैले उचित रूपले पालन गर्‍यो भने व्यवस्था असल छ।*

व्यवस्थालाई राख्नले आशिषहरु आउछ:

याकुब १:२५ *तर त्यो मानिस जसले* ***स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई*** *हेर्दछ र* ***त्यसैमा लागिरहन्छ,*** *अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ,* ***त्यसले चाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ।***

भजनसंग्रह १:१-३ ***धन्य*** *हो त्यो मानिस, जो दुष्टहरूको सल्लाहमा हिँड्दैन, जो पापीहरूको मार्गमा खड़ा हुँदैन, अनि गिल्ला गर्नेहरूको सङ्गतमा बस्दैन। तर* ***परमप्रभुको व्यवस्थामा नै त्यो खुशी रहन्छ,*** *र त्यसले दिनरात उहाँकै व्यवस्थामा* ***मनन*** *गर्छ। त्यो खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, अनि जसको पात कहिल्यै ओइलाउँदैन।* ***त्यसले जे पनि गर्छ, त्यसमा त्यो सफल हुन्छ।***

भजनसंग्रह १९:७-११ ***परमप्रभुको व्यवस्था*** *सिद्ध छ,* ***प्राणलाई पुनर्जीवित गराउने।*** *परमप्रभुका कानूनहरू विश्वसनीय छन्, निर्बोधलाई* ***बुद्धिमान्*** *तुल्याउने। परमप्रभुका* ***नियमहरू*** *ठीक छन्, हृदयलाई आनन्द गराउने। परमप्रभुका* ***आज्ञाहरू*** *उज्ज्वल छन्, आँखालाई प्रकाश दिने। परमप्रभुको भय स्वच्छ छ, अनन्तकालसम्मै स्थिर रहने।परमप्रभुका विधिहरू सच्चा छन्, ती सर्वथा धर्ममय छन्। सुनभन्दा पनि ती बढ़ी चाहना गर्ने योग्य छन्, निखुर सुनभन्दा पनि ज्यादै बढ़ी, चाकाबाट टप्कने महभन्दा बढ़ी गुलिया। तीबाटै तपाईंको दासले चेताउनी पाउँदछ,* ***ती पालन गर्दा ठूलो इनाम मिल्नेछ।***

यहोशु १:८ ***व्यवस्थाको यो पुस्तक*** *तेरो ओठबाट नहटोस्, तर त्यसमाथि तैंले दिनरात ध्यान गर्नू अनि त्यसमा लेखिएका सबै कुरा होशियारीसाथ पालन गर्नू, र तेरा सबै मार्गहरूमा तैंले* ***उन्नति*** *गर्नेछस् र* ***सफलता*** *पाउनेछस्।*

## खि्रस्टको न्याय आसन !

याकुब २:१२ *यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको* ***व्यवस्थाबमोजिम*** *न्याय पाउनेहरूका जस्तै होस्।*

जसरी बिस्वासीहरु, हाम्रो न्याय हुनेछ जसरी हामी हाम्रो जीवन अरु संगको सम्बन्धमा बिताउछौ।

२ कोरन्थी ५:१० *किनकि हामी* ***सबै*** *ख्रीष्टका न्याय-आसनको सामुन्ने खड़ा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब* ***प्रतिफल*** *पाउनेछ।*

*NLT हामी प्रत्यकले पाउनेछौ* ***जुनकुरा हाम्रो लागि योग्यको छ।***

*NIV त्यो प्रत्यक एकले पाउनेछ* ***जुन उसको लागि उधारो छ।***

- पावल बिस्वासीहरुलाई लेख्छन्, कोरान्थिमा भएको मण्डलीलाई, त्यसकारण यो सत्यमा सबै बिस्वासीहरुको लागि खडा हुन्छ।
- बिस्वाहरुसीको लागि मात्र खि्रस्टको न्याय आसन।
- ठुलो सेतो न्यायको सिहासन भनेको अबिस्वासीहरुको लागि हो।

प्रकाश २०:११-१५

यो न्याय होइन अथवा अनन्त जीवनको लागि दृढ संकल्प नै हो।

- त्यो न्यायले अघिबाटनै ठाउँ लिई सकियो।

रोमी ८:२-३ .... *परमेश्‌वरले गर्नुभयो, अर्थात्‌ उहाँले आफ्‍ना पुत्रलाई पापमय शरीरको स्‍वरूपमा पापबलिझैँ पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै **दण्ड दिनुभयो,***

*( बिरुद्द न्यायको, बाक्य, दण्ड, वास्ता नगर्नु)

२ कोरन्थी ५:२१ *किनकि हामी उहाँमा परमेश्‌वरको धार्मिकता बन्‍न सकौं भनेर पाप नचिन्‍नुहुनेलाई परमेश्‌वरले **हाम्रा खातिर पाप बनाउनुभयो।***

रोमी ४:७-८ *"तिनीहरू धन्‍यका हुन्‌, जसका अपराधहरू **क्षमा भएका छन्‌,** र जसका पापहरू **ढाकिएका छन्‌।** त्‍यो मानिस धन्‍यको हो, जसको पापको **लेखा परमप्रभुले लिनुहुन्‍न।"***

कलसी २:१३-१५ *तिमीहरू आफ्‍ना अपराध र शरीरअनुसार बेखतनामा मरेका थियौ, तर परमेश्‌वरले **हाम्रा सबै अपराध क्षमा गरिदिएर** उहाँसँगै जीवित पार्नुभयो, र हाम्रो विरुद्धमा रहेको तमसुक र त्‍यसका सबै कानूनी दाबीहरूलाई क्रूसमा कीला ठोकी रद्द गरिदिनुभयो। उहाँले प्रधानताहरू र शक्तिहरूलाई निःशस्‍त्र पारी ती सबैमाथि क्रूसमा विजय प्राप्‍त गर्नुभयो, र तिनलाई खुल्‍लमखुल्‍ला तमाशा बनाइदिनुभयो।*

*विचार (वि'- चार) व्यवस्था (नागरिक, औपचारिक अथवा कलसियात्मक)

यो न्याय **होइन** अथवा अनन्त जीवनको लागि निरधारन नै हो।

तर **यो** न्याय तिनीरुको लागि हो कसरी हामी हाम्रो जीवन बिस्वासिको रुपमा जिउछौ।

मत्ती १८:६ *"तर जसले ममाथि विश्‍वास गर्ने यी सानाहरूमध्‍ये एक जनालाई पाप **गर्न लाउँछ,** बरु त्‍यसको गलामा ठूलो जाँतोको ढुङ्‌गा बाँधेर त्‍यसलाई गहिरो समुद्रमा डुबाइदिनु असल हुन्‍छ।*

येशूले मूल्य चुकाउनु भएपछि ठुलो मूल्य क्षमा दिन/ बचाउन/उहाँ पर्यन्त छुटकरा – अनि त्यसपछि हाम्रो लागि केहि गर्न जसको कारणले जो प्रिय रुपले माया रुकाउट .... उहाँ प्रसन्न हुनुहुन्न। :o/

१ कोरन्थी ८:१३ *यसकारण यदि **खानेकुरा** मेरो भाइकै **पतनको कारण** बन्‍छ भने म कहिले पनि मासु खानेछैनँ, **नत्रता मैले मेरो भाइको पतन गराउनेछु।***

रोमी १४:१०-२३ *तिमी किन आफ्‍नो भाइको इन्‍साफ गर्छौ? अथवा तिमी आफ्‍नो भाइलाई किन तुच्‍छ ठान्‍छौ? किनभने **हामी सबै परमेश्‌वरका न्‍याय-आसनको सामने खड़ा हुनेछौं।** 11 किनकि लेखिएको छ, "प्रभु भन्‍नुहुन्‍छ, 'जस्‍तो म जीवित छु, प्रत्‍येक घुँड़ा मेरो सामने टेकिनेछ, र हरेक जिब्रोले परमेश्‌वरको प्रशंसा गर्नेछ'।" 12 यसैले हामी **हरेकले परमेश्‌वरलाई आफ्‍नो लेखा दिनेछौं।** 13 यसैकारण हामी एउटाले अर्कालाई अब उसो इन्‍साफ नगरौं। बरु **आफ्‍नो भाइको बाटोमा ठेस लाग्‍ने कुरो** अथवा बाधा पार्ने कुरो कहिल्‍यै नराख्‍ने अठोट गरौं।
14 म जान्‍दछु, र प्रभु येशूमा मलाई निश्‍चय छ, कि कुनै कुरा पनि आफैमा अशुद्ध हुँदैन, तर जसले त्‍यो अशुद्ध ठान्‍छ, त्‍यसको निम्‍ति त्‍यो अशुद्धै हुन्‍छ। 15 यदि **तिमीले जे खान्‍छौ त्‍यस कुराले तिम्रो भाइलाई चोट पार्छ भने,** तिमी **प्रेममा चलेका हुँदैनौ।** जुन भाइको निम्‍ति ख्रीष्‍ट मर्नुभयो, तिमीले खाएको कुराबाट उसको नाश नहोस्‌। 16 यसैकारण तिमीलाई जे असल लाग्‍छ त्‍यसलाई अरूले खराब भन्‍न नदेओ। 17 किनभने परमेश्‌वरको राज्‍य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्‍मामा धार्मिकता, शान्‍ति र आनन्‍द हो। 18 जसले **यस किसिमले ख्रीष्‍टको सेवा गर्दछ, त्‍यो परमेश्‌वरलाई मन पर्ने र मानिसहरूबाट असल ठहरिएको हुन्‍छ।** 19 यसैले हामी ती कुराहरूको अनुसरण गरौं जसले शान्‍ति ल्‍याउँछ, अनि एउटाले अर्काको आत्‍मिक उन्‍नति गराउँछ। 20 खानेकुराको खातिर परमेश्‌वरको कामलाई नष्‍ट नगर। वास्‍तवमा सबै कुरा शुद्ध छन्‌, तर आफूले खाएको कुराले अरूलाई बाधा*

*पार्नु अनुचित हो। 21* ***उचित त यो हुन्छ, कि*** *मासु* ***नखानु, मद्यपान नगर्नु,*** *तथा* ***कुनै*** *यस्तो काम नगर्नु जसद्वारा तिम्रो भाइलाई* ***बाधा*** *हुन्छ।*

१ कोरन्थी १०:३१-३३ *यसकारण चाहे तिमीहरू खाओ, अथवा पिओ, वा तिमीहरू जेसुकै गर, सबै परमेश्‍वरका महिमाको निम्ति गर। 32* ***कसैलाई ठेस लाग्ने काम नगर,*** *चाहे यहूदीलाई होस्, वा ग्रीकलाई होस्, वा परमेश्‍वरको मण्डलीलाई होस्। 33 जसरी म पनि मैले गर्ने सबै काममा सबै मानिसहरूलाई प्रसन्‍न राख्‍ने कोसिस गर्दछु, म आफ्नै होइन, तर धेरैको हित खोज्दछु, ताकि* ***तिनीहरूको उद्धार होस्।***

यो मुद्दा हो: यसप्रकारले हाम्रो जीवन जीउनु पर्छ कि कसैको नैतिक पतन नहोस् अथवा कुनै कारणले तिनीहरु ठक्कर खानुको करण नबनुन जसले गर्दा *“तिनीहरु बाच्न सकुन।”*

२ कोरन्थी ६:३-४ ***हाम्रो सेवामा दोष नभेटोस् भनेर हामी कसैको मार्गमा बाधाको कारण राख्दैनौं,*** *4 तर हरतरहले हामी आफैलाई परमेश्‍वरका सेवकहरू हौं भन्‍ने देखाउँछौं– ज्यादै सहनशीलतामा, कष्‍टमा, कठिनाइमा, आपद्-विपद्‌मा,*

१ कोरन्थी ९:१९-२३ *किनभने म मानिसहरूबाट स्‍वतन्‍त्र भए तापनि अझ धेरैलाई जित्‍न सकूँ भनेर* ***मैले आफैलाई सबैको दास तुल्याएँ।*** *(२०) यहूदीहरूलाई जितूँ भनेर यहूदीहरूका निम्‍ति म यहूदीजस्‍तै बनें। व्‍यवस्‍थाको अधीनमा रहनेहरूलाई जितूँ भनेर म आफै व्‍यवस्‍थाको अधीनमा नभए तापनि व्‍यवस्‍थाको अधीनमा भएकाहरूका निम्‍ति व्‍यवस्‍थाकै अधीनमा रहेजस्‍तै भएँ। (२१)व्‍यवस्‍थाको बाहिर हुनेहरूलाई जितेर ल्‍याउन सकूँ भनेर व्‍यवस्‍थाको बाहिर हुनेहरूका निम्‍ति म व्‍यवस्‍थाको बाहिर भएझैं बनें। तर परमेश्‍वरको व्‍यवस्‍थाबाट म स्‍वतन्‍त्र छैनँ, म ख्रीष्‍टका व्‍यवस्‍थाको अधीनमा छु। (२२) दुर्बलहरूलाई जितूँ भनेर दुर्बलहरूका निम्‍ति म दुर्बल बनें। सब प्रकारका उपायले कसै न कसैलाई बचाउन सकूँ भनेर* ***सबैका निम्‍ति म सब थोक बनें।*** *(२३) सुसमाचारका आशिष्‌हरूको सहभागी हुन सकूँ भनेर सुसमाचारकै खातिर म यी सब थोक गर्दछु।*

कलसी ४:५-६ ***समयको सदुपयोग गर्दै, बाहिरकाहरूसँग बुद्धिमानीसाथ व्‍यवहार गर।*** *नूनले स्‍वादिलो पारेजस्‍तो तिमीहरूको बोलीवचन सधैँ कृपालु होस्, ताकि प्रत्‍येकलाई कसरी जवाफ दिनुपर्ने हो, सो तिमीहरू जान।*

गलाती ६:२ *एउटाले अर्काको भार उठाओ, र यसरी* ***ख्रीष्‍टको व्‍यवस्‍था पूरा गर।***

***स्‍वतन्‍त्रताको निम्‍ति*** *ख्रीष्‍टले हामीलाई स्‍वतन्‍त्र पार्नुभएको छ। यसकारण दह्रा भएर* ***खड़ा होओ,*** *र फेरि दासत्‍वको जुवामुनि नपर।*
गलाती ५:१

आमेन।